नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति: २०७४ मंसीर ७

## प्रेश विज्ञप्ति

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अन्तर्गत प्रथम चरणमा निर्वाचन हुने ३२ जिल्लाहरुको निर्वाचन सुरक्षा तयारी पूरा भएको छ । साथै दोश्रो चरणमा निर्वाचन हुने जिल्लाहरुको निर्वाचनपूर्व सुरक्षा (Pre-Election Security) को अन्तिम चरणका सुरक्षा कार्यवाहीहरु सञ्चालन भइरहेका छन् । प्रथम चरणमा निर्वाचन हुने जिल्लामा मतदान सामाग्री सहितको कर्मचारी र सुरक्षाकर्मीहरु सुरक्षित रुपमा मतदानस्थलहरुमा पुगीसकेका छन् । सुरक्षा योजना अनुसार सबै सुरक्षा निकायका सुरक्षाकर्मीहरुले मतदानस्थलहरुमा सुरक्षा निगरानी र नियन्त्रण राखीसकेका छन् । प्रथम र दोश्रो दुवै चरणका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन मजबुत सुरक्षा व्यवस्था मिलाइसकिएको छ । यस क्रममा शान्तिपूर्ण निर्वाचनको वातावरणमा अवरोध पुर्याउन खोज्ने गतिविधिहरुलाई नियन्त्रण गरी संलग्न दोषी उपर कानून बमोजिम कारवाही भइरहेको छ ।

निर्वाचन कार्यक्रमका सबै क्रियाकलापहरुमा सुरक्षा प्रदान गर्न सबै सुरक्षा निकायका सुरक्षाकर्मीहरु प्रभावकारी रुपमा परिचालित भइसकेको वर्तमान अवस्थामा राजनीतिक दलका नेता, उम्मेदवार, मतदाता, कर्मचारी, नागरिक समाज र सन्चारकर्मी लगायत सम्बद्ध सबैमा स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचन वातावरणको प्रत्याभूति दिन गृह मन्त्रालय सदा झैं सजग र संवेदशील भई क्रियाशील रहेको व्यहोरा अनुरोध गरिन्छ ।

०७४।८।७

नारायण प्रसाद शर्मा दुवाडी
प्रवक्ता